स्थानीय सरकार

घोराही उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

नगरकार्यपालिकाको बैठक नं. १८४

आज मिति २०८२।०९।०७ गते सोमबार घोराही उपमहानगरपालिकाका नगर प्रमुख श्री नरुलाल चौधरीज्यूको अध्यक्षमा नगरकार्यपालिकाका देहाय बमोजिमका सदस्यहरुको उपस्थितीमा नगरकार्यपालिकाको १८४औं बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

| क्र.सं. | नाम | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नरुलाल चौधरी | नगर प्रमुख | | |
| २ | हुमा कुमारी डि.सी. | उपप्रमुख | | |
| ३ | राममणी पाण्डेय | वडा अध्यक्ष | १ | |
| ४ | चित्र बहादुर चौधरी | वडा अध्यक्ष | २ | |
| ५ | राम प्रसाद चौधरी | वडा अध्यक्ष | ३ | |
| ६ | मधु सुदन शर्मा | वडा अध्यक्ष | ४ | |
| ७ | विवेक बुढाथोकी | वडा अध्यक्ष | ५ | |
| ८ | विष्णुराम आचार्य | वडा अध्यक्ष | ६ | |
| ९ | खोपिराम चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | चैतु कुमार चौधरी | वडा अध्यक्ष | ९ | |
| ११ | दिपक पाण्डे | वडा अध्यक्ष | १० | |
| १२ | कुल बहादुर लामिछाने | वडा अध्यक्ष | ११ | |
| १३ | द्रोण बहादुर बहकरी | वडा अध्यक्ष | १२ | |
| १४ | डुल्लुराम पोखेल | वडा अध्यक्ष | १३ | |
| १५ | भान सिं बुढा | वडा अध्यक्ष | १४ | |
| १६ | रमेश कुमार पाण्डेय | वडा अध्यक्ष | १५ | |
| १७ | तारा बहादुर डाँगी | वडा अध्यक्ष | १६ | |
| १८ | राम लौटन चौधरी | वडा अध्यक्ष | १७ | |
| १९ | भरतमणि अर्याल | वडा अध्यक्ष | १८ | |
| २० | ज्ञान बहादुर रायमाझी | वडा अध्यक्ष | १९ | |
| २१ | लिलादेवी गोतामे कामी | का.पा. सदस्य | | |
| २२ | बसन्ता पोखेल | का.पा. सदस्य | | |
| २३ | शान्ता शेर्पाली | का.पा. सदस्य | | |
| २४ | श्रीमती पदमा चौधरी | का.पा. सदस्य | | |
| २५ | मिना बुढाथोकी | का.पा. सदस्य | | |
| २६ | पवित्रा विश्वकर्मा | का.पा. सदस्य | | |
| २७ | कमला परियार | का.पा. सदस्य | | |
| २८ | मान बहादुर सुनार | का.पा. सदस्य | | |
| २९ | ऋषिराम के.सी. | सचिव | | |

आमन्त्रित

| | | | | |
|---|---|---|---|---|
| १ | श्रीमन पोखेल | बैठक व्यवस्थापक | | |

## नगरकार्यपालिका बैठक नं. १८४, मिति २०८२।०९।०७ गते सोमबार

### प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय समिक्षा सम्बन्धमा।
२. आय र व्ययको विवरण सम्बन्धमा।
३. करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड निर्माण सम्बन्धमा।
४. इञ्जिनियर हिमाल वलीको राजीनामा स्वीकृत सम्बन्धमा।
५. इन्स्योर परियोजना अन्तर्गत संचालित तालिम कार्यक्रमको म्याद थप सम्बन्धमा।
६. ठेक्काको म्याद थप सम्बन्धमा।
७. पर्यटन तथा साँस्कृतिक प्रदर्शनी माघे मेला संचालनका लागि अनुमती दिने सम्बन्धमा।
८. दमकल इकाइमा कार्यरत कर्मचारीको जीवन विमा रकम भुक्तानी सम्बन्धमा।
९. विद्यालयको नाममा जग्गा दर्ता कायमका लागि सिफारिस गर्ने सम्बन्धमा।
१०. जग्गाको कित्ताकाट सिफारिस सम्बन्धमा।
११. किसान सुचिकरण कार्यक्रम संचालनका लागि वडा छनौट सम्बन्धमा।
१२. ठेक्का अन्तर्गत योजनाको परिमाण प्रयोगका लागि अनुमती दिने सम्बन्धमा।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. १

यस अघि बसेको नगरकार्यपालिकाको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो।

निर्णय नं. २

घोराही उपमहानगरपालिकाको चालु आव २०८२/८३को हालसम्मको (मंसिर मसान्तसम्म) आय व्ययको विवरण तपसिल बमोजिम रहेको जानकारी गराइयो।

तपसिलः

| सि.नं. | कुल प्रस्तावित आय | वास्तविक आय | चालुतर्फको खर्च | पुँजीगततर्फको खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | २,२९,२७,००,०००।- | ९२,५०,५७,३५६।७७ | २४.८८% | ८.२४% | |

निर्णय नं. ३

घोराही उपमहानगरपालिकाको करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड २०८२ आगामी नगरसभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ४

स्थानीय इन्जिनियरिङ सेवा सिभिल समूह विल्डिङ एण्ड आर्किटेक्ट उपसमूह इन्जिनियर छैटौं तहमा कार्यरत हिमाल वलीले स्थानीय निजामती सेवा नियमावली २०८१ को नियम १३२ को उपनियम (२) बमोजिम अष्ट्रेलिया स्थित नेपाली राजदुतावासबाट प्रमाणीत गराई पेश गरेको राजीनामा नियम १३२ को उपनियम (३) को खण्ड (क) बमोजिम मिति २०८२।०४।१९ गतेदेखि लागु हुनेगरी स्वीकृत गर्ने।

निर्णय नं. ५

इन्स्योर परियोजना दोस्रो चरण अन्तर्गत संचालनमा रहेका तपसिल बमोजिमको सिपमूलक तालिम कार्यक्रमको सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ को उपदफा १ मा रहेको व्यवस्था अनुरुप म्याद थपका लागि सामाजिक विकास महाशाखाबाट पेश भएको प्रस्ताव स्वीकृत गर्ने।

तपसिल

| सि.नं. | कार्यक्रमको नाम | तालिम प्रदायक संस्था | म्याद थप भएको अवधि |
|---|---|---|---|
| १ | व्यवसायीक कुक विषयको १६९६ घण्टाको तह २ | ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर प्रा.लि. काठमाण्डौ | २०८२।०९।१२ गतेदेखि २ महिना १५ दिन |

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं. ६

तपसिल बमोजिमका आयोजना निर्माणको ठेक्का सम्झौताको म्याद थप गर्ने।

तपसिलः

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/ GSMC/28/081/ 082 | वडा नं. १३ कात्तिकेडाँडामा आधारभूत स्वास्थ्य चौकी निर्माण | जेन्सन कन्ट्रक्सन एण्ड जेन्सन सप्लायर्स बाघचौर | २०८२।०२।१६ | २०८२। ०३।२५ | २०८२।१२ ।१३ |
| २ | NCB/WORKS/ GSMC/09/081/ 082 | झिगौरा सहिद पार्क निर्माण घोराही १४ | श्री शरद कन्स्ट्रक्सन | २०८१।१२।०३ | २०८२। ०३।२५ | २०८२।०९ ।३० |
| ३ | NCB/WORKS/ GSMC/02/081/ 082 | वडा नं. ६ लखवारदेखि वडा नं. ५ कसानचोक सडक स्तरउनन्ती, वडा नं. १४ रझेना चोकदेखि आर्मी ब्यारेकसम्म सडक पिच तथा नाला स्तरउनन्ती र वडा नं. १७ कर्जाहीदेखि धारापानी जोडने सडक पिच, वडा नं. १७ चौघेरा गेटदेखि बरगद्वी चोकसम्म सडक पिच। | श्री के.बी./एच.एस./डि एण्ड जि. जे.भी. | २०८१।११।२३ | २०८२। ०३।२५ | २०८२।०९ ।२९ |
| ४ | NCB/WORKS/ GSMC/22/081/ 082 | गोर्खा अस्पतालदेखि मिलन चोकसम्म सडक स्तरउनन्ती नयाँ थप | श्री बिन्दु कन्स्ट्रक्सन कम्पनी | २०८२।०१।०९ | २०८२। ०३।२५ | २०८२।०९ ।२९ |

निर्णय नं. ७

नेपाल मगर संघ घोराही उपमहानगर कार्यसमिति दाङलाई घोराही उपमहानगरपालिका वडा नं. १४ को झिगौरामा दोस्रो पर्टयन तथा साँस्कृतिक प्रदर्शनी माघे मेला २०८२ आयोजना गर्न यही मिति २०८२।०९।२५ गतेदेखि २०८२।१०।१० गतेसम्म १५ दिन घोराही उपमहानगरपालिकालाई बुझाउनुपर्ने कर तथा गैरकर लिई आवश्यक सुरक्षाको व्यवस्था जिल्ला प्रशासन कार्यालयबाट लिने गरी मेला संचालनको अनुमती दिने।

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. ८

घोराही उपमहानगरपालिकाको दमकल इकाइमा रहि जोखिमपूर्ण कार्यमा खटिने तपसिल बमोजिमका कर्मचारीहरुको जीवन विमा रकमको आधा रकम घोराही उपमहानगरपालिकाबाट भुक्तानी दिने।

तपसिलः

१. जित बहादुर चौधरी रु.१२,०००।-

२. चन्द्र कुमार चौधरी १२,०००।-

३. फुन बहादुर भण्डारी रु.१२,०००।-

४. दिल बहादुर बि.क. रु.१२,०००।-

निर्णय नं. ९

घोराही उपमहानगरपालिका वडा नं. १८ स्थित श्री आधारभूत विद्यालय गिठेपानीले भोग चलन गर्दै आइरहेको जग्गा घोराही ९ क कित्ता नं. १४ को ०-७-१५ क्षेत्रफल रहेको जग्गा विद्यालयको नाममा दर्ता श्रेष्ता कायमका लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने।

निर्णय नं. १०

घोराही उपमहानगरपालिका वडा नं. ३ बस्नेत एकराज बि.सी.को नाममा दर्ता श्रेष्ता भएको भैसकुर्मा कित्ता नं. ७क २००६ को क्षेत्रफल ८३१।७७ वर्ग मि. जग्गाको निकासका लागि मोहन कुमार बि.सी.को नाममा दर्ता श्रेष्ता कायम रहेको जग्गा भैसकुर्मा ७क कि.नं. १९९९ को जम्मा क्षेत्रफल १६१ वर्ग मिटर जग्गा मध्येबाट ७८।६४ वर्गमिटर जग्गा र कि.नं. ७क २४२६ को जम्मा क्षेत्रफल १५४।७० वर्गमिटर जग्गा मध्येबाट १४ वर्गमिटर जग्गा निकासका लागि लिन दिन दुवै पक्ष विच भएको सहमती अनुसार जग्गाको कित्ताकाटका लागि भुमि सुधार तथा मालपोत कार्यालय घोराही दाङमा सिफारिस गर्ने।

निर्णय नं. ११

घोराही उपमहानगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्द्धन शाखा(कृषि) अन्तर्गत आ.व. २०८२/८३को सशर्त अनुदान किसान सूचीकरण कार्यक्रम संचालनका लागि वडा नं. १३ र १८ छनौट गर्ने।

निर्णय नं. १२

घोराही उपमहानगरपालिकाको ठेक्का प्याकेज नं. NCB/WORKS/GSMC/01/080/081 अन्तर्गत निर्माण हुन लागेको वडा नं. ६ जनकल्याण टोल विकास संस्था स्थित वडा नं. ६ सरैयामा कल्भर्ट निर्माण योजना विविध कारणले कल्भर्ट निर्माण हुन नसक्ने अवस्था रहेको हुँदा उक्त कल्भर्ट निर्माणमा लाग्ने परिमाण उक्त स्थानदेखि पूर्वतर्फ अशोकराज धामीको घरसम्म पक्की कुलो निर्माणमा प्रयोग गर्न निर्माण व्यवसायीलाई अनुमती दिने।

स्थानीय सरकार घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

नरुलाल चौधरी
नगर प्रमुख

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९

घोराही उपमहानगरपालिकाको दमकल इकाईमा रही जोखिमपूर्ण काममा खटिने तपसिल बमोजिमका कर्मचारीहरुको जीवन विमा रकमको आधा रकम घोराही उपमहानगरपालिकाबाट भुक्तानी दिने।

तपसिलः

१. जित बहादुर चौधरी रु.१२,०००।-
२. चन्द्र कुमार चौधरी १२,०००।-
३. फुन बहादुर भण्डारी रु.१२,०००।-
४. दिल बहादुर बि.क. रु.१२,०००।-

निर्णय नं. १०

घोराही उपमहानगरपालिका वडा नं. १८ स्थित श्री आधारभूत विद्यालय गिठेपानीले भोग चलन गर्दै आइरहेको जग्गा घोराही ९ क कित्ता नं. १४ को ०-७-१५ क्षेत्रफल रहेको जग्गा विद्यालयको नाममा दर्ता श्रेष्ता कायमका लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने।

निर्णय नं. ११

घोराही उपमहानगरपालिका वडा नं. ३ बस्नेत एकराज बि.सी.को नाममा दर्ता श्रेष्ता भएको भैसकुर्मा कित्ता नं. ७क २००६ को क्षेत्रफल ८३१।७७ वर्ग मि. जग्गाको निकासका लागि एकराज बि.सी.को नाममा दर्ता श्रेष्ता कायम रहेको जग्गा भैसकुर्मा ७क कि.नं. १९९९ को जम्मा क्षेत्रफल १६१ वर्ग मिटर जग्गा मध्येबाट ७८।६४ वर्गमिटर जग्गा मोहन कुमार बि.सी.लाई दिन र मोहन कुमार बि.सी.को कि.नं. ७क २४२६ को जम्मा क्षेत्रफल १५४।७० वर्गमिटर जग्गा मध्येबाट १४ वर्गमिटर जग्गा निकासका एकराज बि.सीलाई दिन दुवै पक्ष विच भएको सहमती अनुसार जग्गाको कित्ताकाटका लागि भुमि सुधार तथा मालपोत कार्यालय घोराही दाङमा सिफारिस गर्ने।

निर्णय नं. १२

घोराही उपमहानगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्द्धन शाखा(कृषि) अन्तर्गत आ.व. २०८२/८३को सशर्त अनुदान किसान सूचीकरण कार्यक्रम संचालनका लागि वडा नं. १३ र १८ छनौट गर्ने।

निर्णय नं. १३

घोराही उपमहानगरपालिकाको ठेक्का प्याकेज नं. NCB/WORKS/GSMC/09/080/081 अन्तर्गत निर्माण हुन लागेको वडा नं. ६ जनकल्याण टोल विकास संस्था स्थित वडा नं. ६ सरैयामा कल्भर्ट निर्माण योजना विविध कारणले कल्भर्ट निर्माण हुन नसक्ने अवस्था रहेको जसले गर्दा ठेक्का प्याकेजको भौतिक प्रगति समेत अपुग हुने हुँदा उक्त कल्भर्ट निर्माणमा लाग्ने Items हरुको परिमाण (Quantity) बाट सोही स्थानदेखि पूर्वतर्फ अशोकराज धामीको घरसम्म पक्की कुलो निर्माणमा प्रयोग गर्न निर्माण व्यवसायीलाई अनुमती दिने।



ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

नरलाल चौधरी
प्रमुख

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६

श्री महेन्द्र आधारभूत विद्यालय दलजितपुरको नमूना विद्यालय व्यवस्थापन समितिको रिक्त सदस्य पदमा घोराही उपमहानगरपालिकाको शिक्षा ऐन २०७५ (पहिलो संशोधन) को दफा २०क को उपदफा (१) खण्ड (ग) मा व्यवस्था भए बमोजिम तपसिल बमोजिम सदस्य चयन गर्ने निर्णय गरियो।

तपसिलः

१. घनश्याम के.सी.

२. भुमा नेपाली

३. जोग बहादुर बुढाथोकी

निर्णय नं. ७

७.१ घोराही उपमहानगरपालिकाको मिति २०८१।०६।०२ गते बसेको नगरकार्यपालिकाको १७८औं बैठकबाट अर्को निर्णय नभएसम्म सबै प्रकारका आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन नगर्ने भनि निर्णय भएकोमा क्रमशः अत्यावश्यक आयोजना तथा कार्यक्रमहरु संचालन गर्न महाशाखा/शाखाहरुलाई अनुमती दिने।

७.२ घोराही उपमहानगरपालिका उपरमा पर्न आउने मुद्दा मामिलाहरु प्रतिवाद/दायर गर्न तथा न्यायीक समितिको कार्यसम्पादनलाई व्यवस्थित गर्नको लागि सार्वजनिक खरिद ऐन २०६३को दफा ४१ र सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहितको नियम ८५ को उपनियम (१) खण्ड क१ बमोजिम सिधै खरिद गर्न सकिने कानुनी व्यवस्था अनुसार यस अघि यस कार्यालयमा कानुनी सल्लाहकारको रुपमा काम गर्नु भएका अधिवक्ता श्री भुप बहादुर के.सी.सँग २०८२ साल कार्तिक १ गतेदेखि लागु हुनेगरी मासिक रु.४१,६२५ले वार्षिक रु.४,९९,५००।-को परिधि भित्ररहि उक्त रकम नबढनेगरी प्रत्येक ३/३ महिनामा प्रगति प्रतिवेदन पेश गरे पश्चात उक्त पारिश्रमिक भुक्तानी हुने गरी कानुन विज्ञ/परामर्श सेवा लिने निर्णय गरियो।

७.३ यस घोराही उपमहानगरपालिकाका कार्यपालिका सदस्य तथा ४ नं. वडा अध्यक्ष श्री मधुसुदन शर्माकी ममतामयी आमा स्व. गंगादेवी घिमिरे को मिति २०८२।०७।०२ गते ९६ वर्षको उमेरमा असामयीक निधन भएकोमा उपमहानगर परिवार अत्यन्त मर्माहत भएको छ। यस दुःखको घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा भावपूर्ण गहिरो समवेदनाका साथ शोक प्रस्ताव पारित गरियो।

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६

श्री महेन्द्र आधारभूत विद्यालय दलजितपुरको नमूना विद्यालय व्यवस्थापन समितिको रिक्त सदस्य पदमा घोराही उपमहानगरपालिकाको शिक्षा ऐन २०७५ (पहिलो संशोधन) को दफा २०क को उपदफा (१) खण्ड (ग) मा व्यवस्था भए बमोजिम तपसिल बमोजिम सदस्य चयन गर्ने निर्णय गरियो।

तपसिलः

१. घनश्याम के.सी.

२. भुमा नेपाली

३. जोग बहादुर बुढाथोकी

निर्णय नं. ७

७.१ घोराही उपमहानगरपालिकाको मिति २०८१।०६।०२ गते बसेको नगरकार्यपालिकाको १७८औं बैठकबाट अर्को निर्णय नभएसम्म सबै प्रकारका आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन नगर्ने भनि निर्णय भएकोमा क्रमशः अत्यावश्यक आयोजना तथा कार्यक्रमहरु संचालन गर्न महाशाखा/शाखाहरुलाई अनुमती दिने।

७.२ घोराही उपमहानगरपालिका उपरमा पर्न आउने मुद्दा मामिलाहरु प्रतिवाद/दायर गर्न तथा न्यायीक समितिको कार्यसम्पादनलाई व्यवस्थित गर्नको लागि सार्वजनिक खरिद ऐन २०६३को दफा ४१ र सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहितको नियम ८५ को उपनियम (१) खण्ड क१ बमोजिम सिधै खरिद गर्न सकिने कानुनी व्यवस्था अनुसार यस अघि यस कार्यालयमा कानुनी सल्लाहकारको रुपमा काम गर्नु भएका अधिवक्ता श्री भुप बहादुर के.सी.सँग २०८२ साल कार्तिक १ गतेदेखि लागु हुनेगरी मासिक रु.४१,६२५ले वार्षिक रु.४,९९,५००।-को परिधि भित्ररहि उक्त रकम नबढनेगरी प्रत्येक ३/३ महिनामा प्रगति प्रतिवेदन पेश गरे पश्चात उक्त पारिश्रमिक भुक्तानी हुने गरी कानुन विज्ञ/परामर्श सेवा लिने निर्णय गरियो।

७.३ यस घोराही उपमहानगरपालिकाका कार्यपालिका सदस्य तथा ४ नं. वडा अध्यक्ष श्री मधुसुदन शर्माकी ममतामयी आमा स्व. गंगादेवी घिमिरे को मिति २०८२।०७।०२ गते ९६ वर्षको उमेरमा असामयीक निधन भएकोमा उपमहानगर परिवार अत्यन्त मर्माहत भएको छ। यस दुःखको घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा भावपूर्ण गहिरो समवेदनाका साथ शोक प्रस्ताव पारित गरियो।

नरुलाल चौधरी
नगर प्रमुख

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत